# केन्द्रीकृत बिद्युतीय ग्राहक पहिचान विवरण (केवाइसी) सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७७

**प्रस्तवना** : धितोपत्र बजारका सेवाग्राहीको ग्राहक परिचय विवरण (केवाइसी) अनलाईन प्रविधिमा आधारित विद्युतीय प्रणालीको विकास गरी प्रयोगमा ल्याउन धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० को उपनियम २ बमोजिम नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले यो कार्यसंचालन निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "केन्द्रीकृत बिद्युतीय ग्राहक पहिचान विवरण ( केवाइसी) सेवा सम्बन्धी कार्यसंचालन निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले तोकेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :–

(क) "एडमिन लगइन" भन्नाले सिडिएससिले केवाइसी दर्ता प्रतिनिधिलाई बिद्युतीय केवाइसी प्रणाली संचालन गर्नका लागि प्रदान गर्ने मुख्य प्रयोगकर्ताको युजर नेम र पासवर्ड सम्झनु पर्छ।

(ख) "केवाइसी" भन्नाले अनुसूची-३ र अनुसूची-४ बमोजिमको केन्द्रीकृत बिद्युतीय केवाइसी प्रणालीमा पेश गर्ने व्यक्तिगत पहिचान सहितको ग्राहक परिचय विवरण सम्झनु पर्छ।

(ग) "केवाइसी आइडी" भन्नाले बिद्युतीय केवाइसीमा प्रविष्टि भएका ग्राहकको विवरण प्रमाणीकरण भए पश्चात् प्रणालीमा उत्पन्न हुने पृथक स्थायी परिचय नम्बर सम्झनु पर्छ।

(घ) "केवाइसी टेम्पोररी आइडी वा टेम्पोररी आइडी" भन्नाले ग्राहकको बिद्युतीय केवाइसीमा विवरण प्रविष्टि पश्चात् प्रणालीबाट उत्पन्न हुने अस्थायी परिचय नम्बर सम्झनु पर्छ।

(ङ) "केवाइसी दर्ता प्रतिनिधि" भन्नाले सिडिएससिको प्रणालीमा आवद्ध भई ग्राहकको केवाइसी दर्ता गरिदिने बोर्डबाट अनुमतिपत्र प्राप्त संस्था वा कम्पनी सम्झनु पर्छ।

(च) "ग्राहक" भन्नाले केवाइसी दर्ता प्रतिनिधि समक्ष पूँजी बजारमा आवद्ध हुने प्रयोजनका लागि आफ्नो व्यक्तिगत विवरण दर्ता गर्ने प्राकृतिक व्यक्ति, संस्था वा कम्पनी सम्झनु पर्छ।

(छ) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(ज) "सिडिएससि" भन्नाले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को नियम ७ बमोजिम बोर्डबाट अनुमतिपत्र प्राप्त संस्था सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सम्झनुपर्छ।

बोर्ड सचिव

## परिच्छेद -२
## निवेदन दिने सम्बन्धी व्यवस्था

३. **केवाइसी दर्ता प्रतिनिधि :** ग्राहकको बिद्युतीय केवाइसी दर्ता गर्ने प्रयोजनका लागि देहाय बमोजिमका संस्था वा कम्पनीले सिडिएससि समक्ष निवेदन दिन सक्नेछन् ।

(क) निक्षेप सदस्य,
(ख) धितोपत्र दलाल,
(ग) लगानी व्यवस्थापक,
(घ) मर्चेन्ट बैंकर,
(ङ) सामूहिक लगानी कोष व्यवस्थापक, र
(च) बोर्डले तोकेको अन्य संस्थाहरु

४. **बिद्युतीय केवाइसी प्रणाली प्रयोगका लागि निवेदन दिनुपर्ने :** (१) केवाइसी दर्ता प्रतिनिधिले बिद्युतीय केवाइसी प्रणालीमा आवद्ध हुनका लागि अनुसूची - १ को ढाँचामा दफा १३ बमोजिम तोकिएको शुल्क सहित निवेदन दिनुपर्नेछ ।

(२) केवाइसी दर्ता प्रतिनिधिले सिडिएससिसंग अनुसूची-२ बमोजिम सम्झौता गरी सिडिएससिले एडमिन लगईन प्रदान गर्नेछ ।

(३) उपदफा (२) बमोजिम एडमिन लगईन प्राप्त गर्ने संस्थाले आफ्ना शाखाहरुको लागि छुट्टा छुट्टै लगईन मार्फत् कार्य गर्नु पर्नेछ ।

## परिच्छेद - ३
## प्रणाली विकास र प्रयोग सम्बन्धी व्यवस्था

५. **प्रणाली विकास :** सिडिएससिले ग्राहकको परिचय विवरण बिद्युतीय रुपमा राख्नका लागि बिद्युतीय केवाइसी प्रणालीको विकास गर्नु पर्नेछ । सो प्रणालीको सुरक्षा व्यवस्था सम्बन्धमा नेपाल सरकारको सुचना प्रविधि विभागबाट परीक्षण गराई सो पश्चात कार्यान्वयनमा ल्याउन सकिनेछ ।

६. **प्रणालीको विशेषता:** बिद्युतीय केवाइसी प्रणालीमा देहायका विशेषता रहने छन् :

(क) प्रणालीमा ग्राहकको बिद्युतीय व्यक्तिगत परिचय तथा विवरण, फोटो, औंठा छापको छायाँचित्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि लगायतका ग्राहकको परिचय खुल्ने प्रमाणपत्र सहितको केवाइसी विवरण बिद्युतीय रुपमा प्रविष्टि हुनेछ ।

(ख) बिद्युतीय केवाइसी प्रणालीमा ग्राहक आफैं वा घरैबाट केवाइसी प्रतिनिधिको अधिकार प्राप्त व्यक्ति वा कर्मचारी मार्फत् बिद्युतीय विवरण प्रविष्टि गर्न सकिनेछ ।

(ग) ग्राहकको व्यक्तिगत परिचय सहितको विवरण प्रमाणित गरे पश्चात् प्रणालीबाट पृथक केवाइसी आइडी प्राप्त हुनेछ ।

(घ) ग्राहकको नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको आधारमा ग्राहकको विवरण दोहोरो प्रविष्टि नहुने गरी प्रणालीले प्रमाणिकरण गर्नेछ ।



बोर्ड सचिव

(ङ) ग्राहकको हितग्राही खाता खोल्नको लागि विद्युतीय केवाइसी प्रणालीलाई केन्द्रीय निक्षेप प्रणालीमा आवद्ध गरिनेछ ।

(च) ग्राहकले धितोपत्र बजारमा कारोबार गर्न विद्युतीय केवाइसी प्रणालीलाई कारोबार प्रणाली लगायत अन्य निकायसंग आवद्ध गर्न सक्नेछ ।

(छ) विद्युतीय केवाइसीमा अभिलेख भएका विवरण आवश्यक प्रकृया पूरा गरी अन्य निकायले समेत प्रयोग गर्न सक्नेछ ।

(ज) हितग्राही खाताको विवरणको तथ्यांक शुद्धीकरण गरी एक व्यक्तिको एक भन्दा बढी हितग्राही खाता समेत यकीन हुने गरी पृथक केवाइसी आइडीप्रदान गर्न सक्नेछ ।

(झ) सिडिएससिले केवाइसी प्रविष्टि, केवाइसी संसोधन, केवाइसी डाउनलोडको अडिट लग तयार गर्नु पर्नेछ ।

(ञ) हितग्राही खातालाई केवाइसी आइडीसंग आवद्ध गर्न सक्नेछ ।

## परिच्छेद -४
## केवाइसी दर्ता सम्बन्धी व्यवस्था

७. **विद्युतीय केवाइसी विवरण दर्ताको लागि आवेदन दिनुपर्ने:** (१) ग्राहकले धितोपत्र कारोबार वा सो सम्बन्धी सेवा लिनु अघि हितग्राही पहिचान विवरण अनिवार्य भरी/भराई विद्युतीय केवाइसी विवरण दर्ता गर्नु पर्नेछ ।

(२) ग्राहकले विद्युतीय ग्राहक परिचय विवरण दर्ता गर्नका लागि अनिवार्य रुपमा देहायका कागजातहरुको सक्कल प्रति र केवाइसी दर्ताका लागि दफा १३ बमोजिम तोकिएको शुल्क सहित अनुसूची-३ वा अनुसूची-४ बमोजिमको निवेदन (विवरण) केवाइसी दर्ता प्रतिनिधि समक्ष पेश गर्नु पर्नेछ ।

(क) प्राकृतिक व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र वा पासपोर्ट,

(ख) नावालकको हकमा जन्मदर्ता प्रमाणपत्र र संरक्षकको नागरिकताको प्रमाणपत्र,

(ग) संस्था तथा कम्पनीको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र,

(घ) विशेष ऐनद्धारा स्थापित संस्था भएमा संचालक समितिको निर्णय ।

(३) उपदफा (२) बमोजिमको निवेदन दिँदा ग्राहकले विद्युतीय माध्यमबाट समेत दिन सक्नेछ ।

(४) विद्युतीय केवाइसी प्रणालीमा घरैबाट केवाइसी प्रतिनिधिको अधिकार प्राप्त व्यक्ति वा कर्मचारी बोलाई ग्राहकले ग्राहक परिचय विवरण दर्ता गर्न चाहेमा ग्राहक र केवाइसी दर्ता प्रतिनिधि विच आपसी सहमतिमा लाग्ने शुल्क तिरी ग्राहकले सेवा लिन सक्नेछ ।

८. **ग्राहकको विवरण रुजु गरी केवाइसी प्रणालीमा दर्ता गराउने :** (१) केवाइसी दर्ता प्रतिनिधिले दफा (७) को उपदफा (१) बमोजिम ग्राहकले पेश गरेका विवरणको रुजु गरी प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ ।

(२) ग्राहकले अनलाईन मार्फत् प्रविष्टि गरेका विवरणको केवाइसी दर्ता प्रतिनिधिले सक्कल कागजातहरुसंग विवरण तयार पार्ने (मेकर) र जाँच गर्ने (चेकर) को दुई तहमा रुजु गर्नुपर्नेछ ।



बोर्ड सचिव

(३) विवरण प्रविष्टि पश्चात् केवाइसी दर्ता प्रतिनिधिले प्रणालीबाट प्राप्त अस्थायी परिचय नम्बर सम्बन्धित ग्राहकलाई प्रदान गर्नेछ ।

(४) केवाइसी दर्ता प्रतिनिधिले स्वयं उपस्थित ग्राहकको अनुसूची-५ बमोजिमको फाराम भराई रुजु गरी प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(५) केवाइसी दर्ता प्रतिनिधिको कम्तिमा एक तह माथिको कर्मचारीले प्रणालीमा रुजु भएका केवाइसी विवरण प्रमाणित गर्नु पर्नेछ ।

९. **केवाइसी आईडी प्रदान गर्ने:** (१)केवाइसी दर्ता प्रतिनिधिले दफा ८ को उपदफा (५) बमोजिम केवाइसी विवरण प्रमाणित भएपश्चात् ग्राहकलाई स्थायी केवाइसी आइडि उपलब्ध गराउनु पर्नेछ ।

(२) ग्राहकलाई प्रदान गरेको उपदफा (१) बमोजिमको केवाइसी आईडी ग्राहकको स्वीकृतिमा धितोपत्र बजारका अन्य संस्था वा कम्पनीले समेत प्रयोग गर्न सक्नेछन् ।

## परिच्छेद -५
## केवाइसी विवरण प्रयोग सम्बन्धी व्यवस्था

१०. **दर्ता भइसकेका केवाइसी विवरण प्रयोग गर्न निवेदन दिनुपर्ने:** (१) विद्युतीय केवाइसी प्रणालीमा अभिलेख भएका केवाइसी विवरण धितोपत्र बजारसंग सम्बन्धित अन्य संस्था वा कम्पनीहरुले हितग्राही खाता खोल्ने, धितोपत्र बजारमा कारोबार गर्न र बोर्ड वा अन्य नियामक निकायले अनुमति वा इजाजत पत्र प्रदान गरेका कार्यका लागि उपयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्राहकको केवाइसी विवरण अन्य केवाइसी दर्ता प्रतिनिधिले डाउनलोड गर्नुपरेमा दफा १३ बमोजिम तोकिएको शुल्क सिडिएससिलाई बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम केवाइसी विवरण डाउनलोड गर्दा सम्बन्धित निकायले अनिवार्य रुपमा अनुसूची-५ बमोजिमको ग्राहकको स्वयम् उपस्थित फाराम भरी प्रणालीमा अपलोड गर्नु पर्नेछ।

(४) ग्राहकको स्वयं उपस्थित फाराममा केवाइसी दर्ता प्रतिनिधिले आधिकारिक व्यक्तिको नाम, दर्जा, हस्ताक्षर र संस्थाको छाप लगाउनु पर्नेछ ।

११. **केवाइसी विवरण डाउनलोड गरी प्रयोग गर्ने:** (१) निक्षेप सदस्यले ग्राहकको स्वीकृतिमा हितग्राही खाता खोल्न दर्ता भइसकेका ग्राहकको केवाइसी विवरण डाउनलोड गरी प्रयोग गर्न सक्नेछ ।

(२) सदस्य दलालले दोस्रो बजारमा कारोबार गराउन दर्ता भइसकेका ग्राहकको केवाइसी विवरण ग्राहकको स्वीकृतिमा डाउनलोड गरी प्रयोग गर्न सक्नेछ ।

(३) कुनै एक केवाइसीदर्ता प्रतिनिधिकोमा दर्ता भएका ग्राहकको केवाइसी अन्य संस्था वा कम्पनीले ग्राहकको स्वीकृति लिइ प्रयोग गर्न सक्नेछ ।

१२. **केवाइसी विवरण अभिलेख गर्ने :** सम्बन्धित संस्था वा कम्पनिले डाउनलोड गरिसकेका केवाइसी विवरण एक प्रति अभिलेख राख्नु पर्नेछ ।

बोर्ड सचिव

## परिच्छेद -६
## विविध

१३. **शुल्क सम्बन्धी व्यवस्था:** (१) सिडिएससिले विद्युतीय ग्राहक पहिचान विवरण सेवा प्रदान गर्दा शुल्क सम्बन्धमा न्यून हुनेगरी गर्नु पर्नेछ । सिडिएससिले आफ्नै संरचना, श्रोत र व्यवस्थापनबाट केवाइसी प्रणाली संचालन गर्नेछ ।
(२) सिडिएससीले उपदफा (१) बमोजिम तोकेको शुल्क बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

१४. **गोपनियता कायम राख्नु पर्ने :** केवाइसी दर्ता प्रतिनिधिले ग्राहकसंग सम्बन्धित विवरण, तथ्याकं वा जानकारीका सम्बन्धमा नेपाल सरकार, अदालत, बोर्ड वा कानून अनुसार अख्तियार प्राप्त अधिकारीबाट माग भएको अवस्थामा बाहेक गोप्य राख्नु पर्नेछ ।

१५. **विवरण दिनु पर्ने:** नेपाल सरकार वा अदालत वा बोर्ड वा वित्तीय जानकारी इकाई वा कानून बमोजिम अख्तियार प्राप्त अधिकारीबाट माग भएमा सिडिएससि वा केवाइसी दर्ता प्रतिनिधिले प्रणालीमा रहेका ग्राहकको विवरण, तथ्याङ्क वा जानकारी दिनु पर्नेछ ।

१६. **तथ्याङ्कको सुरक्षा:** (१) सिडिएससिले आफ्नो प्रणाली अन्तर्गतका तथ्याकं सुरक्षा गर्न प्रशारण र भण्डारणको लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ ।
(२) सिडिएससिको प्रणालीमा भण्डारण भएका तथ्याकंको प्रतिलिपि (ब्याकअप) सुरक्षापूर्वक राख्नु पर्नेछ ।
(३) केवाइसी दर्ता प्रतिनिधि र केवाइसी विवरण प्रयोग गर्ने अन्य संस्था वा कम्पनीले समेत उपदफा २ अनुसारको व्यवस्था गर्नु पर्नेछ ।
(४) सिडिएससिले तथ्याङ्क तथा विवरणको अनाधिकृत प्रयोग नहुने गरी पर्याप्त सुरक्षा उपाय अपनाउनु पर्नेछ ।

१७. **कारवाही हुने:** कुनै व्यक्तिले यस कार्य संचालन निर्देशिकाले तोकेको विधि वा प्रक्रिया पूरा नगरेमा वा पूर्णपालना नगरेमा वा ग्राहकको केवाइसी विवरणको दुरुपयोग गरेमा तथा अनाधिकृत प्रयोग गरेमा वा विद्युतीय रुपमा रहेको ग्राहकको विवरणको सुरक्षामा लापरवाही गरेमा त्यस्तो व्यक्तिलाई बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ वमोजिम कारवाही गर्नेछ ।

१८. **अनुसूचीमा संशोधन:** यस कार्य संचालन निर्देशिकाको अनुसूचीहरुमा कार्यान्वयनको क्रममा कुनै संशोधन वा थपघट गर्नु परेमा सिडिएससिको सिफारिशमा बोर्ड व्यवस्थापनले आवश्यक संशोधन गर्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउने:** यो कार्यसंचालन निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सिडिएससिको सिफारिशमा बोर्डले बाधा अड्काउ फुकाउन सक्नेछ ।

बोर्ड सचिव

अनुसूची -१

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**केवाइसी सफ्टवेयर प्रयोगका लागि निवेदन**

मिति : ...........
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक ।

विषय : सफ्टवेयर उपलब्ध गराईदिने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस (........संस्था वा कम्पनीको नाम........) ले (.... निक्षेप सदस्य, सदस्य दलाल ....) को रुपमा धितोपत्र बोर्डबाट अनुमतिपत्र वा दर्ता प्रमाणपत्र प्राप्त गरी कार्य संचालन गर्दै आएकोमा ग्राहकको केवाइसीविवरण भर्नका लागि आवश्यक प्रमाणपत्र तथा कागजातहरु संलग्न गरी तहाँ लि. ले विकास गरेको विद्युतीय केवाइसीदर्ता प्रणाली उपलब्ध गराइदिनु हुन निवेदन गर्दछु ।

| **धितोपत्र बोडको अनुमतिपत्र प्राप्त संस्था वा कम्पनी** | |
|---|---|
| संस्था वा कम्पनीको नाम | |
| कम्पनी प्रमुखको नाम, फोन नम्बर | |
| आधिकारिक इमेल ठेगाना | |
| केवाइसीकार्यको लागि आधिकारिक व्यक्ति | |

**संलग्नः**

नेपाल धितोपत्र बोर्डबाट प्राप्त अनुमतिपत्र वा दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

निवेदक,

नाम :
पद :
संस्था वा कम्पनीको छाप :



बोर्ड सचिव

## अनुसूची - २

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

### सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड र केवाइसी दर्ता प्रतिनिधि (………) बीच केवाइसी दर्ता गर्न विकास गरिएको "बिद्युतीय केवाइसी प्रणाली" प्रयोग सम्बन्धी सम्झौता पत्र

लिखितम् प.लि.नं.: १२७४-६७/६८ दर्ता कायम भई पुतलीसडक, काठमाडौंमा कार्यालय रहेको सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड -सिडिएससि) (यस पछि यस सम्झौता पत्रमा प्रथम पक्ष भनिएको) को तर्फबाट अख्तियार प्राप्त ………..र ………. काठमाडौं कार्यालय रहेको श्री ……….. को ………………….. केवाइसी दर्ता प्रतिनिधि …………… (यस पछि यस सम्झौता पत्रमा दोस्रो पक्ष भनिएको) को तर्फबाट अख्तियार प्राप्त ………………… बीच आफ्ना ग्राहकको केवाइसीविवरण दर्ता गर्नका लागि विद्युतीय रुपमा केवाइसी विवरण अद्यावधिक गर्न विकास गरिएको बिद्युतीय केवाइसी प्रणाली प्रयोग गर्ने सम्बन्धमा मिति ………… गते काठमाडौं स्थित सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड -सिडिएससि) को कार्यालयमा बसी यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

सफ्टवेयर प्रयोग सम्बन्धमा ।

**प्रथम पक्षको दायित्व :**

१. प्रथम पक्षले आफ्ना ग्राहकको केवाइसी विद्युतीय माध्यमबाट अध्यावधिक गर्नका साथै खाता खोल्नका लागि विकास गरिएको बिद्युतीय केवाइसी प्रणालीको एड्मिन लगइन दोस्रो पक्षलाई प्रदान गर्नेछ ।
२. प्रथम पक्षले प्रणाली संचालन सम्बन्धी युजर म्यानुअल दोस्रो पक्षलाई प्रदान गर्नेछ ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई आवश्यकता अनुसार प्राविधिक सहयोग प्रदान गर्नेछ ।
४. प्रथम पक्षले प्रणाली मार्फत् प्रदान गरिने सेवा चौबीसै घण्टा उपलब्ध गराउन प्रतिबद्ध रहने छ ।
५. प्रथम पक्षले सफ्टवेयरमा हुने विभिन्न प्राविधिक क्रियाकलापहरु जस्तै मर्मत-सम्भार, भर्सन अपडेट लगायतका गतिविधि गर्दा सो को जानकारी सफ्टवेयरको स्क्रिन वा ईमेल मार्फत् गराउने छ ।
६. प्रथम पक्षको काबु बाहिरको परिस्थिति -जस्तैः भूकम्प, आगलागी, बाढी, आँधी जस्ता दैवी प्रकोपहरु) भई सेवामा अवरोध भएमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

**दोस्रो पक्षको दायित्व :**

१. दोस्रो पक्षले प्रथम पक्षले प्रदान गरेको सफ्टवेयर मार्फत् आफ्नो डिपिमा खाता खोल्न निवेदन दिने ग्राहकहरुको सम्पूर्ण केवाइसी विवरण सफ्टवेयरमा प्रविष्टी गर्नेछ ।
२. दोस्रो पक्षले प्रदान गरेको सफ्टवेयरमा ग्राहकको औठा छाप र फोटो प्रविष्टी गर्न आवश्यक हार्डवेयर जडान गर्नेछ । साथै नेटवर्क कनेक्टिभिटि चुस्त दुरुस्त राख्नेछ ।
३. ग्राहकको घरबाटै प्रतिनिधि मार्फत् केवाइसीविवरण भराउनका लागि आवश्यक व्यवस्था मिलाउने ।
४. प्रथम पक्षले प्रदान गरेको सफ्टवेयरको सही तरिकाले संचालन तथा व्यवस्थापन गर्न, आफ्ना ग्राहकहरुलाई आवश्यक प्राविधिक सहयोग गर्न, सफ्टवेयरमा रहेका तथ्याङ्कहरुको गोपनियताको रक्षा गर्न दोस्रो पक्ष प्रतिबद्ध रहने छ ।

बोर्ड सचिव

५. दोस्रो पक्षले सफ्टवेयर सम्बन्धी कार्य गर्न जिम्मेवार व्यक्ति नियुक्त गरी प्रथम पक्षलाई जानकारी गराउनु का साथै ग्राहकको विद्युतीय औंठा छाप लगायतको गोप्य विवरणहरु सुरक्षितका साथ राख्ने छ र यसको अपचलन हुन दिने छैन ।

६. दोस्रो पक्षले ग्राहकको केवाइसी विवरण प्रविष्टी रुजु तथा प्रमाणित गर्दा मेकर, चेकर र भेरिफाई युजर प्रयोग गरी जिम्मेवारी पूर्ण तरिकाले सही विवरण प्रविष्टी गर्नु पर्नेछ ।

**नियमनकारी भाषा :**

यस सम्झौतापत्रको विषयवस्तुका सम्बन्धमा पक्षहरुका बीचमा कार्यान्वन हुने सबै लिखत, कागजात तथा लेखाइ र आदान प्रदान गरिने पत्राचार नेपाली भाषामा हुनेछ जुन पक्षहरुबीचको नियमनकारी भाषा हुनेछ ।

**सम्झौताको कार्यान्वयन :**

यो सम्झौताको कार्यान्वयन सक्कल प्रतिबाट गरिनेछ जुन यसका पक्षहरुसँग रहनेछन् ।

उपरोक्त बमोजिमका सम्पूर्ण शर्त बन्देजहरु ऋाफुलाई बन्धनकारी हुने कुरा मञ्जुर गरी सम्झौताका दुवै पक्षबाट आजैका मितिमा यस सम्झौता पत्रमा हस्ताक्षर भएको ठीक साँचो हो । यो सम्झौता पत्र सम्झौता भएको मिति बाट सुचारु हुनेछ र सबै पक्षको सहमति पत्र मार्फत् मात्र सम्झौता खारेज हुनेछ ।

**प्रथम पक्षको तर्फबाट अख्तियारप्राप्त**

...........................................

....................

**प्रमुख कार्यकारी अधिकृत**
**सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**

...................

**कम्पनीको छाप**

**दोश्रो पक्षको तर्फबाट अख्तियारप्राप्त**

..........................................

...............

**प्रमुख कार्यकारी अधिकृत**

...................

**कम्पनीको छाप**

बोर्ड सचिव

अनुसूची - ३

(दफा७ को उपदफा (२) सँग सम्बन्धित)

## प्राकृतिक व्यक्तिको परिचय विवरण

**Details of Natural person**

| |
|---|
| फोटो (हालसालै खिचेको) |

**कार्यालय प्रयोजनका लागि मात्र**
**For Official Use Only**

| | |
|---|---|
| ग्राहक नं :<br>Client's Account No: | मिति :<br>Date : |
| संकेत नम्बर :<br>Reference No: | |

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसंग भर्नु पर्नेछ । आफूसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।

Please complete all details and strike out the non-applicable fields/boxes.

...................... (धितोपत्र दलाल व्यवसायीको नाम/ Name of Stock Broker)

........................ (शाखा/ Branch)

**ग्राहकको विवरण (Details of Client)**

| | | | |
|---|---|---|---|
| नम<br>Name (In Block Letter) | | | |
| जन्ममिति<br>Date of Birth | बि.सं. :<br>B.S. | ई. सं. :<br>A.D. | |
| लिङ्ग<br>Gender | पुरुष ☐<br>Male | महिला ☐<br>Female | अन्य ☐<br>Others |
| राष्ट्रियता | नेपाली ☐ | अन्य -खुलाउने) ☐ | |



बोर्ड सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| Nationality | Nepalese | Others (If any) ....................................... | | | |
| नागरिकता नम्बर<br>Citizenship No: | | जारी जिल्ला<br>Issue District | | जारी मिति<br>Issue Date | |
| पसपोर्ट नं<br>Passport No. | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हितग्राही खाता नं<br>Beneficiary ID No. | | | | | | | | | | | | | | | | |
| स्थायी लेखा नं<br>Permanent Account No. (PAN) | | | | | | | | | | | | | | | | |

| | |
|---|---|
| गैरआवासिय नेपालीको हकमा परिचयपत्र नं र ठेगाना<br>Identification No. and address (In case of NRN) | |

## हालको ठेगाना (Current Address)

| | | | |
|---|---|---|---|
| देश<br>Country | | प्रदेश<br>Province : | |
| जिल्ला:<br>District : | | | |
| गा.पा / न.पा. / उ.म.न.पा / म.न.पा.:<br>Rural Municipality/Municipality/Sub Metropolitan city /Metropolitan city | | वडा नं.:<br>Ward No.: | |
| टोल:<br>Tole : | | टेलिफोन नं.:<br>Telephone No.: | |
| ईमेल:<br>E-mail ID : | | मोबाइल नं.:<br>Mobile No.: | |
| **स्थायी ठेगाना :**<br>Permanent Address : | | | |
| प्रदेश<br>Province : | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| टोल:<br>Tole : | | जिल्ला:<br>District : | | गा.पा / न.पा. / उ.म.न.पा / म.न.पा.:<br>Rural Municipality/Municipality /Sub Metropolitan city /Metropolitan city | |



बोर्ड सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| टेलिफोन नं.:<br>Telephone No. : | | वडा नं.:<br>Ward No.: | | ब्लक नं.:<br>Block No. : | |

परिवारका सदस्यहरुको विवरण (ठाउँ नपुग भएमा थप गर्न सकिने)

**Details of Family Members**

| | |
|---|---|
| बाजेको नाम | |
| Grand Father's Name : (In Block letter) | |
| बुबाको नाम | |
| Father's Name (In Block Letter) | |
| आमाको नाम | |
| Mother's Name(In Block letter) | |
| पति/पत्नीको नाम | |
| Spouse's Name(In Block letter) | |
| छोराको नाम | |
| Son's Name(In Block letter) | |
| छोरीको नाम (अविवाहित) | |
| Daughter's Name(In Block letter) | |
| बुहारीको नाम | |
| Daughter in-Law's Name(In Block letter) | |
| ससुराको नाम (विवाहित | |



बोर्ड सचिव

| | |
|---|---|
| महिलाको हकमा) | |
| Father in Law's Name (In Case of Married Women) | |
| सासुको नाम(विवाहित महिलाको हकमा) | |
| Mother in Law's Name (In Case of Married Women) | |

## बैंक खाताको विवरण
**Bank Account Details**

| | |
|---|---|
| बैंक खाताको किसिम<br>Types of Bank Account | वचत खाता ☐ चल्ती खाता ☐<br>Saving Account Current Account |
| बैंक खाता नम्बर/Bank Account Number | |
| बैंक खाताभएको बैंकको नाम र ठेगानाName & Address of Bank | |

| पेशागत विवरण<br>**Details of Occupation** | | | |
|---|---|---|---|
| पेशा<br>Occupation | सेवासरकारी ☐सार्वजनिक/निजी क्षेत्र ☐ एन.जी.ओ./आई.एन.जी.ओ. ☐<br>Service Govt. Public/Private Sector NGO/INGO Expert<br>विशेषज्ञ ☐ व्यापारी ☐ कृषि ☐ सेवा निवृत ☐ गृहिणी ☐ विद्यार्थी ☐ अन्य ☐<br>Expert Businessperson Agriculture Retired House Wife Student Others | | |
| व्यापारको प्रकार<br>Types of Business | उत्पादन ☐ Manufacturing   सेवामुखी ☐ Service Oriented   अन्य ☐ Others | | |
| संस्थाको नाम<br>Organization's Name | | ठेगाना<br>Address | |
| प्द<br>Designation | | कर्मचारीको हकमा कर्मचारी परिचयपत्र न. (ID No of Employee) | |
| आर्थिक विवरण<br>Financial Details | आयको सीमा (वार्षिक विवरण)/ Income Limit (Annual Details)<br>रु. ५,००,००० सम्म ☐ Up to Rs. 5,00,000   रु. ५,००,००१ देखि रु. १०,००,००० सम्म ☐ From Rs. 5,00,001 to Rs. 10,00,000<br>रु. १०,००,००० ☐ भन्दा माथि Above Rs. 10,00,000 | | |
| धितोपत्र खरिद बिक्री गर्ने मुख्य उद्देश्यले स्थापित इन्भेष्टमेन्ट कम्पनीमा संगलन छु छैन ।<br>Involvement in Investment companies which were established for securities trading Yes ☐ No ☐<br>(भएमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्ने । (If yes mention below) | | | |
| कम्पनीको नाम :<br>Name of the Company | | | |



बोर्ड सचिव

| | |
|---|---|
| पदः<br>Designation | सञ्चालक ☐ Director   पदाधिकारी ☐ Executive   शेयरधनी ☐ Shareholder   कर्मचारी ☐ Employee   अन्य ☐ Others |

ग्राहक आफू वा आफ्नो परिवारका कुनै सदस्य संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख वा लेखापरीक्षक वा कम्पनी सचिव वा व्यवस्थापन वा लेखासंग सम्बन्धित कार्यमा विगतमा वा हाल प्रत्यक्ष रुपले संलग्न रहेको भए सोको विवरणः

| क्र.सं. | नाम तथा नाता | संस्थाको नाम | पद | कहिले देखी | कहिले सम्म |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

संरक्षकको फोटो
(हालसालै खिचेको)

**संरक्षकको विवरण (नाबालकको हकमा मात्र)**

**Guardian's Details (In case of Minor only)**

| | | | |
|---|---|---|---|
| नाम/थर :<br>Name/Surname: (In Block letter) | | | |
| निवेदकसँगको सम्बन्ध :<br>Relationship with applicant: | | | |
| पत्राचार ठेगाना :<br>Correspondence Address : | | | |
| देश :<br>Country : | | प्रदेश:<br>Province | |
| जिल्ला :<br>District : | | गा.पा./न.पा./उ.म.न.पा/म.न.पा.:<br>Rural Municipality/Municipality/Sub Metropolitan city /Metropolitan city | |
| वडा नं.:<br>Ward No.: | | टेलिफोन नं.:<br>Telephone No. : | |
| फ्याक्स नं. :<br>Fax No. : | | मोबाइल नं.:<br>Mobile No. : | |
| स्थायी लेखा नं. :<br>PAN No. : | | ईमेल :<br>E-mail ID : | |

...................

संरक्षकको हस्ताक्षर/Guardian's Signature

बोर्ड सचिव

| | |
|---|---|
| हाल बसोबास रहेको स्थानको नक्शा<br><br>Location Map | N<br><br>From main Road Street..............the distance of the Residence is .....Meters (approximately). |

धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु :

१. म/हामीले धितोपत्र खरिदकालागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।
२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु /छौं ।
३. म/हामीले खरिद गरेका धितोपत्रहरु बापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छु /छौं ।
४. म/हामीले धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गर्ने छु /छौं ।
५. म/हामी कर्जा सूचना केन्द्रको कालो सुचीमा रहेको छु /छैन, छौं /छैनौं ।

**<u>संलग्न गर्नु पर्ने कागजात</u>**

१. नेपाली नागरिकहरुको हकमा नागरिकताका प्रमाणपत्रको प्रतिलिपी ।
२. अन्य देशको नागरिकको हकमा पासपोर्टको प्रतिलिपी ।
३. नाबालकको हकमा संरक्षक तथा नाबालक दुवैको फोटो ।
४. कानूनी संरक्षक भए सो सम्बन्धी कागजात ।
५. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप ।
७. कुनै सस्थाको कर्मचारी रहेको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपि ।



बोर्ड सचिव

मथि उल्लेखित ग्राहक पहिचान (केवाइसी) विवरण सत्य तथ्य रहेको छ । सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । I/We hereby acknowledge that the above disclosed KYC details are true. I/We further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us .

| औठा छाप<br>Thumb Print | |
|---|---|
| दाँया<br>(Right) | बाँया<br>(Left) |

........................

ग्राहकको हस्ताक्षर

Client's Signature

**कार्यालय प्रयोजनको लागि**

| रुजु गर्ने: | | प्रमाणित गर्ने : |
|---|---|---|
| नाम थर: | | नाम थर: |
| पद: | | पद: |
| हस्ताक्षर: | | हस्ताक्षर: |
| मिति: | | मिति: |
| | कार्यालयको नाम तथा छाप | |

बोर्ड सचिव

## अनुसूची - ४
(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

### कम्पनी वा संगठित संस्थाको परिचय विवरण
**Details Of Company Or Institution**

| **कार्यालय प्रयोजनका लागि**<br>**For Official Use Only** | | |
|---|---|---|
| | ग्राहक नम्बर :<br>Client's Account No: | मिति :<br>Date : |
| | संकेत नम्बर :<br>Reference No: | |

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसँग भर्नु पर्नेछ । आफूसंग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।
Please complete all details and strike out the non-applicable fields/boxes.
...................... (धितोपत्र दलाल व्यवसायीको नाम (Name of stock Broker)
......................... (शाखा/Branch)

| | |
|---|---|
| कम्पनीको नाम<br>Name of Company | |
| प्रमुख कार्यकारी अधिकृतको नाम<br>Chief Executive Officer's Name | |
| कम्पनी सचिवको नाम<br>Company Secretary's Name | |

| | | |
|---|---|---|
| कम्पनी स्थापना मिति<br>Date of Incorporation | बि.सं. :<br>B.S. : | ई. सं. :<br>A.D. : |
| कम्पनीको किसिम<br>Types of Company | प्राइभेट लि. ☐ पब्लिक लि.☐ सरकारी स्वामित्व भएको ☐ अन्य ☐<br>Pvt. Ltd. Public Ltd. Govt. Owned Others | |
| कम्पनी दर्ता भएको देश<br>Country of Registration | नेपाल ☐ अन्य ☐ (नेपाल बाहेक अन्य देश भएमा उल्लेख गर्ने):<br>Nepal Others (Please mention if other than Nepal) | |

**कम्पनीको थपविवरण**

| | |
|---|---|
| दर्ता गर्ने कार्यालय<br>Registration Office | |



बोर्ड सचिव

| | | | |
|---|---|---|---|
| दर्ता नं.:<br>Registration No.: | | दर्ता मिति:<br>Registration Date : | |
| मूल्य अभिवृद्धि कर नं /स्थायी लेखा नं.:<br>PAN No. / VAT Registration No. : | | दर्ता मिति.:<br>Registration Date. : | |
| सहायक कम्पनी भएमा मुख्य कम्पनीको नाम र ठेगाना<br>Name and Address of Main Company in case of Subsidiary Company | | | |
| कम्पनीको व्यवसायको किसिम<br>Types of business of the company | | कार्य क्षेत्र<br>Area of Work | |
| सूचिकरण भए नभएको<br>Listed / Not | | सूचिकरण मिति:<br>Listing Date | |

**बैंक खाताको विवरण**

| | |
|---|---|
| बैंक खाताको किसिम<br>Types of Bank Account | बचत खाता ☐ Saving Account    चल्ती खाता ☐ Current Account |
| बैंक खाता नम्बर/Bank Account Number | |
| बैंक खाता भएको बैंकको नाम र ठेगाना<br>Name and Address of Bank | |

## कम्पनीको हालको ठेगाना: (Current Address of Company)

| | | | | |
|---|---|---|---|---|
| देश<br>Country | | | प्रदेश<br>Province : | |
| जिल्ला:<br>District : | | | | |
| गा.पा./न.पा./उ.म.न.पा/म.न.पा.:<br>Rural Municipality /Municipality/Sub Metropolitan city /Metropolitan | | | वडा नं.:<br>Ward No.: | |
| टोल:<br>Tole : | | | टेलिफोन नं.:<br>Telephone No.: | |
| ईमेल:<br>E-mail ID : | | | वेबसाईट:<br>Website: | |
| कम्पनी दर्ता हुँदाको ठेगाना :<br>Permanent Address of Company : | | | देश<br>Country | |
| प्रदेश:<br>Province : | | | जिल्ला:<br>District : | |
| गा.पा/न.पा./उ.म.न.पा/म.न.पा.:<br>Village/Municipality/Sub Metropolitan city /Metropolitan city | | | टोल:<br>Tole : | |
| टेलिफोन नं.:<br>Telephone No. : | | वडा नं.:<br>Ward No.: | ब्लक नं.:<br>Block No. : | |



बोर्ड सचिव

| ईमेल:<br>E-mail ID : | | वेबसाईट:<br>Website: | |
|---|---|---|---|

संचालक, कार्यकारी प्रमुखहरुको विवरण/**Details of Directors, CEO**

| क्र.सं.<br>S.N. | नामथर<br>Name/<br>Surname | पद<br>Designation | पति/पत्नी को नाम<br>Spouse's name | बाबुको नाम<br>Father's Name | बाजेको नाम<br>Grand Father's Name | स्थायी ठेगाना<br>Permanent Address | हालको ठेगाना<br>Current Address | टेलिफोन नं.<br>Telephone No. | मोबाइल नं.<br>Mobile No. | ईमेल ठेगाना<br>E-mail ID | पान नं.<br>PAN no. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

| | **पहिलो सम्पर्क व्यक्ति**<br>First Contact Person | **दोस्रो सम्पर्क व्यक्ति**<br>Second Contact Person |
|---|---|---|
| नाम/Name | | |
| वावुको नाम/ Father's Name | | |
| वाजेको नाम/ GrandFather's Name | | |
| पद /Designation | | |
| हस्ताक्षर /Signature | | |
| पासपोर्ट साइजको फोटो<br>Passport Size Photo | फोटो (हालसालै खिचेको)<br>Photo | फोटो (हालसालै खिचेको)<br>Photo |

| | |
|---|---|
| कार्यालय रहेको स्थानको नक्शा<br>Location Map | Site Map of the Company<br>N<br><br>rom main Road Street..............the distance of the Office is .....Meters (approximately). |

धितोपत्र कारोबारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. कम्पनी/संगठित संस्थाले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ती शुद्धिकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन गरेको हुने छैन ।
२. कम्पनी/संगठित संस्था धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकारी छ ।



बोर्ड सचिव

३. कम्पनी/संगठित संस्थाले खरिद गरेका धितोपत्रहरु बापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छ।

४. धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गरिने छ।

५. कम्पनी/संगठित संस्था कर्जा सूचना केन्द्रको कालो सुचीमा रहेको छैन।

**संलग्न गर्नु पर्ने कागजात**

१. कम्पनीवा संगठित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२. संगठित संस्थाको स्थाई लेखा नं. प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपी।

३. धितोपत्र कारोबार गर्न ग्राहक परिचय विवरण भर्ने सम्बन्धमा संचालक समितिको निणर्य।

४. कुनै नियमनकारी निकायबाट अनुमतिपत्र प्राप्त गरेको भएमा सोको प्रतिलिपि।

५. कर चुक्ता/दाखिला प्रमाणपत्र।

६. अख्तियार प्राप्त व्यक्तिको फोटो तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

मथि उल्लेखित ग्राहक पहिचान (केवाइसी) विवरण सत्य तथ्य रहेको छ। सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला। I/Wehereby acknowledge that the above disclosed KYC details are true. I/We further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us.

आधिकारीक व्यक्तिको नाम :
Name of Authorized Person:
पद:
(Designation)
हस्ताक्षर :
Signature:
कम्पनीको छाप :
Company's Stamp:

| आधिकारीक व्यक्तिको औंठा छाप | |
|---|---|
| दाँया (Right) | बाँया (Left) |

**कार्यालय प्रयोजनको लागी**

**रुजु गर्ने:**
नाम थर:
पद:
हस्ताक्षर:
मिति:

कार्यालयको नाम तथा छाप

**प्रमाणित गर्ने :**
नाम थर:
पद:
हस्ताक्षर:
मिति:



बोर्ड सचिव

अनुसूची - ५

(दफा ८ को उपदफा (४) र दफा १० को उपदफा (३) सँग सम्बन्धित)

## केवाइसी विवरणका लागि स्वयं उपस्थित प्रमाणीकरण फाराम (In Person Verification Form for KYC)

मिति : ..............................

श्री

केवाइसीदर्ता प्रतिनिधि

म ..............................आफ्नो केवाइसिविवरण भर्नका लागि सक्कल कागजात सहित उपस्थित भई प्रतिनिधिको अगाडी हस्ताक्षर गरेको व्यहोरा अनुरोध गर्दछु ।

### आवेदकको घोषणा (Applicant's Declaration)

| | | | | |
|---|---|---|---|---|
| पुरा नाम (Name) | | | | |
| बुबाको नाम (Father Name) | | | | |
| बाजे/पति/पत्नीको नाम (Grand Father/Spouse Name) | | | | |
| ठेगाना (Address) | | | | |
| हस्ताक्षर (Signature) | | औंठाछाप (Thump of Impression) | | |
| | | दायाँ (Right) | बायाँ (Left) | |
| मिति : (Date) | | नागरिकता नं. (Citizenship No.) | | |

माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र मैले व्यक्तिगत रुपमा व्यक्ति प्रमाणीकरणको लागि केवाइसीदर्ता प्रतिनिधिको कार्यालयमा स्वयं उपस्थित भई प्रमाणिकरण गरेको छु । यदि माथिको विवरणहरुमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला ।

I hereby declare that the details furnished above are true and correct to the best of my knowledge and I have personally approached the KYC Registration Intermediaryfor my identity verification. If the detail found to be false or untrue, I am aware that I may be held liable for it.

### केवाइसीदर्ता प्रतिनिधि प्रमाणीकरण गर्ने खण्ड (Section for KYC Registration intermediary)

| | | |
|---|---|---|
| हस्ताक्षर (Signature) | प्रमाणित (Verified) | ☐ |
| Proof of Identity | (Citizenship) | ☐ |
| Proof of Address | | ☐ |

माथि उल्लेखित व्यक्तिले हाम्रो केवाइसीदर्ता प्रतिनिधिको कार्यालयमा स्वयं उपस्थित भई हस्ताक्षर गर्नु भएको व्यहोरा साँचो हो र साँचो रहेको व्यहोरा अनुरोध गर्दछु ।

We would like to inform that the above mentioned individual approached our KYC Registration Intermediary personally and signed this form in front of us. All the process said and done are true to the best of our knowledge.

..............................

केवाइसीदर्ता प्रतिनिधिको नाम, दर्जा, हस्ताक्षर तथा छाप

**(Name, designation Signature and Stamp of KYC Registration Intermediary)**

बोर्ड सचिव